# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने ब्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

मितिः २०७५।१२।...

श्री प्रमुखज्यू,
माइ नगरपालिका,
ईलाम ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट माई नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.४० करोड ५२ लाख ४३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१२ लाख ६८ हजार, नियमित गर्नुपर्ने रु.७ लाख ३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४० करोड ३२ लाख ७२ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १० (दश) यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# माई नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । १ प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत १० वडा, ५५ नगर सभा सदस्य, २४६.११ वर्ग कि.मी.क्षेत्रफल र ३२,५७६ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| *सि.नं.* | *आयतर्फ* | | *सि.नं.* | *व्ययतर्फ* | |
|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | | **विवरण** | **रकम** |
| १ | *गत वर्षको जिम्मेवारी* | *6427651.4* | १ | *चालु खर्च* | 148283000 |
| | क) नगद | 235000 | २ | *पूँजीगत खर्च* | 150242000 |
| | ख) बैंक | 6192651.4 | ३ | *वित्तीय व्यवस्था भुक्तानी* | *5088916* |
| २ | *राजस्व (आन्तरिक आय)* | *3818588* | | क) ऋण भुक्तानी | 0 |
| | क) आन्तरिक राजस्व | 3818588 | | ख) ब्याज भुक्तानी | 0 |
| | ख) राजस्व बाँडफाँड | 0 | | ग) अन्य भुक्तानी | 5088916 |
| | ग) अन्य आय | 0 | ४ | *लगानी* | 0 |
| ३ | *वित्तीय हस्तान्तरण* | *375538000* | | ऋण लगानी | 0 |
| | क)वित्तीय समानीकरण अनुदान | 226018000 | | शेयर लगानी | 0 |
| | ख) सशर्त अनुदान | 112259000 | | अन्य लगानी | 0 |
| | ग) समपूरक अनुदान (निशर्त) | 0 | ५ | *सामाजिक सुरक्षा तथा सर्शत अनुदान* | 36201000 |
| | घ) बिशेष अनुदान | 37261000 | ६ | *सेवानिवृत कर्मचारी सुविधा* | 0 |
| | | | ७ | *धरौटी फिर्ता* | 20000 |
| ४ | *प्रदेश सरकारबाट प्राप्त अनुदान* | *1400000* | ८ | *कोष खर्च* | 0 |
| | क)वित्तीय समानीकरण अनुदान | 0 | ९ | *मौज्दात* | *६६७०९२१८* |
| | ख) सशर्त अनुदान | 1400000 | | क) नगद मौज्दात | 235000 |
| | ग) समपूरक अनुदान | 0 | | ख) बैंक मौज्दात | 66474218 |
| | घ) विशेष अनुदान | 0 | | ग) फ्रिज रकम बैंक जम्मा नभएको | 0 |
| ५ | *अन्तर स्थानीय तहबाट प्राप्त* | 0 | | घ) धरौटी बैंक बाँकी | 0 |
| ६ | *वित्तीय व्यवस्था प्राप्ति* | 0 | | ङ) अन्य आयको बाँकी | 0 |
| | क) ऋण प्राप्ति | 0 | | लेखा अधिकृत रविनचन्द्र ढकालद्वारा | 14863500 |
| | ख) साँवा प्राप्ति | 0 | | संचित कोष खाताको रकम खर्च | 0 |
| | ग) ब्याज प्राप्ति | 0 | | खातामा ट्रान्सफर नगरी व्यक्तिगत | 0 |
| | घ) अन्य प्राप्ति | 0 | | खातामा जम्मा गरेको | 0 |
| ६ | *विभिन्न कोषतर्फको आय* | 30000000 | | | 0 |
| ८ | *जनसहभागिता (नगद)* | 3196115 | | | 0 |
| ९ | *विषयगत निकायबाट प्राप्त रकम* | 0 | | | 0 |
| १० | *धरौटी आय* | 0 | | | 0 |
| ११ | *लगानीको साँवा फिर्ता* | 0 | | | 0 |
| १२ | *अन्य विविध आय* | 1027280 | | | 0 |
| | *जम्मा* | *421407634* | | *जम्मा* | *421407634* |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>1.</td><td>सक्कल स्रेस्ता लेखापरीक्षणार्थ पेश नभएको: २०७४ श्रावण १ गते देखि २०७४ फागुन मसान्तसम्मको संचित कोष, अन्य आय, विनियोजन खर्चतर्फको स्रेस्ता मिति २०७५।१।१४ मा माइ नगरपालिका नगरपालिकाको कार्यालयको च.नं.७८४ बाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीलाई बुझाएको पत्रको आधारमा सो अवधिको स्रेस्ता लेखापरीक्षणार्थ पेश नभएको रु. ……..</td><td>388889888.65</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>बजेट शीर्षक नं.</th><th>खर्च रकम</th><th>आयतर्फ</th></tr>
<tr><td>वित्तीय समानीकरण (८०१०३४०३५०३) चालू</td><td>7082009.00</td><td>0</td></tr>
<tr><td>जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम (८०१०३४०३३०४)</td><td>11410000.00</td><td>0</td></tr>
<tr><td>कृषि (८०१०३४०३३०३) चालू</td><td>532080.00</td><td>0</td></tr>
<tr><td>शिक्षा (८०१०३४०३३०१) चालू</td><td>70459195.64</td><td>0</td></tr>
<tr><td>आन्तरिक स्रोत (८०१०३४०३१०३) चालू</td><td>6070354.00</td><td>0</td></tr>
<tr><td>स्वास्थ्य (८०१०३४०३३०२) चालू</td><td>5522403.00</td><td>0</td></tr>
<tr><td>वित्तीय समानीकरण (८०१०३४०३५०३) पूँजीगत</td><td>35464141.00</td><td>0</td></tr>
<tr><td>प्रकोप व्यवस्थापक कोष (८०१०३४०३४०२) पूँजीगत</td><td>3009151.00</td><td>0</td></tr>
<tr><td>मर्मत सम्भार कोष (८०१०३४०३४०१) पूँजीगत</td><td>98892.00</td><td>0</td></tr>
<tr><td>गत वर्षको अ.ल्या. रकम</td><td>0</td><td>5830746.92</td></tr>
<tr><td>आन्तरिक आय</td><td>0</td><td>265250.09</td></tr>
<tr><td>वित्तीय समानीकरण अनुदान</td><td>0</td><td>144839333.00</td></tr>
<tr><td>सशर्त अनुदान</td><td>0</td><td>75382333.00</td></tr>
<tr><td>सामाजिक सुरक्षा कार्यक्रम</td><td>0</td><td>22780000.00</td></tr>
<tr><td>जिल्ला समन्वय समितिबाट प्राप्त रकम</td><td>0</td><td>144000.00</td></tr>
<tr><td>जम्मा</td><td>139648225.64</td><td>249241663.01</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>सो अवधिको रु.३८,८८,८९,८८८।६५ को आन्तरिक लेखापरीक्षण भई प्रतिवेदन प्राप्त भएको भए तापनि भिडान हुन सक्ने अवस्था नरहेकोले आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत यो प्रतिवेदनमा समावेश गरिएको छैन ।</td><td></td></tr>
<tr><td>2.</td><td>स्थानीय संचितकोष: माइ नगरपालिका, नगरपालिकाको कार्यालयले आर्थिक वर्ष २०७४।७५ को सेवा र कार्यहरुकोलागि स्थानीय सन्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो विनियोजन गर्न नेपालको संविधान, २०७२ को धारा २२९ को उपधारा (२) बमोजिम "माइ नगरपालिका, नगरपालिकाको कार्यालयको विनियोजन ऐन, २०७४" मिति २०७४।६।२ मा पारित गरेको छ । उक्त ऐनको दफा २ अनुसार सो आर्थिक वर्षमा चालू र पूँजीगत खर्च समेत गरी जम्मा रु.१८,३४,९०,०००।०० मा नबढाई निर्दिष्ट गरिए बमोजिम सन्चित कोषबाट खर्च गर्न सक्ने व्यवस्था छ । यस अन्तर्गत चालु खर्चतर्फ प्रमुख, उपप्रमुख र वडाध्यक्ष समेतलाई क्रमशः प्रति महिना रु.४०,०००।००, रु.३०,०००।०० र रु.२०,०००।०० तथा बैठक भत्ता लगायत अन्य प्रशासनिक खर्चमा रु.८,७०,८६,९९३।०० विनियोजन गरिएको छ भने पूँजीगत खर्च शीर्षकमा विभिन्न विषयगत क्षेत्र लगायत प्रवर्द्धनात्मक क्रियाकलापमा रु.९,६४,०३,००७।०० समेत रु.१८,३४,९०,०००।०० विनियोजन गरिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।</td><td></td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | उपरोक्त वित्तीय विवरणको मुख्य अंशको रुपमा रहेको मिति २०७४।४।१ देखि २०७४।११।३० सम्मको रु.38,88,89,888/65 को लेखापरीक्षण नभएको कारणले वित्तीय विवरणले सही र यथार्थ चित्रण गर्दछ भनी राय व्यक्त गर्न सकिने अवस्था छैन । | |
| 3. | गत विगत वर्षदेखि आय व्यय विवरणमा रु.२,३५,०००।०० नगद बाँकीको रुपमा रहेको देखिन्छ । उक्त रकम कसको जिम्मा रहेको छ यकिन गरी आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार २५ प्रतिशत सुद सहित असुल गर्नु पर्ने रु. .... | 293750.00 |
| 4. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । | |
| | • नगरपालिकाले प्रत्येक वर्ष तयार गर्नुपर्ने संक्षिप्त वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,<br>• प्रत्येक पदको कार्य विवरण तयार बनाई लागु नगरेको,<br>• उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सोको निराकरण नगरेको (आर्थिक कार्य विधि नियमावली, २०६४ को नियम ९५(२)),<br>• भुक्तानी जनाउने छाप नलगाएको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८),<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यालयबाट निरीक्षण गर्नुपर्नेमा निरीक्षण गरेको अभिलेख नभएको,<br>• जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश नगरेको,<br>• बार्षिक खरिद योजना नबनाएको,<br>• सवारी लगबुक नराखेको,<br>• रसीद नियन्त्रण खाता नराखेको,<br>• नगरपालिकाले लक्ष्य तथा कार्यक्रम बारेमा सेवाग्राही सँग अन्तरक्रिया कार्यक्रम नगरेको,<br>• मासिक तथा चौमासिक रुपमा पेश गर्नुपर्ने विवरण तयार गरी समयमा पेश नगरेको,<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम बेरुजुको लगत व्यवस्थित र अद्यावधिक नगरेको,<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम आर्थिक कारोवारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा नपठाएको,<br>• भ्रमण खर्च नियमावली, २०६४ नियम १८(१) वमोजिम भ्रमण प्रतिवेदन र अभीलेख राखेको पाइएन,<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । कानूनमा व्यवस्था भए अनुसार तलवी प्रतिबेदन पारित गरी तलब खर्च लेख्नु पर्नेमा सो अनुसार नगरेको,<br>• सेवा ग्राहीले पाएको सन्तुष्टिको दृष्टिकोणबाट नगरपालिकाले आफ्नो मुल्यांकन नगरेको,<br>• आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ उपदफा १२ को १ बमोजिम | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिम बैंक दाखिला गर्नु पर्दछ । त्यसै गरी दफा १३ को १ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने व्यवस्था भएकोमा सो बमोजिम गरेको पाइएन । साथै कार्यालय तथा वडा कार्यालयबाट हुने आन्तरिक आम्दानीको यथार्थ नगदी रसीद, बैंक दाखिला गरेको बैंक भौचर र रसीद नियन्त्रण खाताबाट निकासा भई गएका रसीद पेश हुन आएन,<br>● सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७ को उपदफा (९) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समूदायबाट सन्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर बिटुमिन डिस्ट्रीव्युटर, बिटुमिन व्बाइजर जस्ता हेभी मेशीनहरु लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशीन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिका कार्य भनी उल्लेख भएको भनी सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशीन प्रयोग गर्न सकिने व्यवस्था छ तर नगरपालिकाबाट सन्चालित अधिकांश आयोजनाहरु जटिल प्रकृतिका नभए तापनि उक्त हेभी मेशीन तथा एक्साभेटर प्रयोग गर्ने गरेको पाइयो । यस कारण उपभोक्ता समिति र लाभग्राही समूदायबाट सन्चालन हुने आयोजनाहरुमा स्थानीय श्रोत साधन तथा श्रमशक्ति प्रयोग हुने गरी आयोजना सन्चालन गर्नु पर्ने देखियो,<br>● उपभोक्ता समितिबाट सन्चालन हुने विकास निर्माणका कार्यमा जनसहभागितामा रहेका ज्यामीहरुको डोर हाजिरी अस्वाभाविक र अव्यवस्थित देखिन आएको हुँदा विश्वसनीय र व्यवस्थित हुनु पर्ने देखिन्छ । साथै एक्साभेटर प्रयोग गरेकोमा कुन एक्साभेटरले कहिले कुन मिति र समयमा काम गरेको हो सो कुरा खुल्ने गरी लगबुक राख्ने गरेको पाइएन । | |
| 5. | **स्थानीय तथ्यांक र अभिलेख**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम माइ नगरपालिका नगरपालिकाको कार्यालयले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । माइ नगरपालिका नगरपालिकाको कार्यालयले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित गन्तव्य पहिल्याउन सक्ने देखिएन । | |
| 6. | ***सेवा प्रवाहः*** नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छ । | |

| क्रियाकलाप | सेवा प्राप्तीकालागि निवेदन संख्या | सिफारिश संख्या |
|---|---|---|
| नागरिकता सिफारिश | 2646 | 2224 |
| घरबाटो सिफारिश | 2940 | 2940 |
| नाता प्रमाणित | 1253 | 904 |
| जन्म मृत्यु दर्ता | 5668 | 5109 |
| अन्य | 2124 | 1922 |
| *जम्मा* | *14631* | *13099* |

सेवाको लागि 14631 निवेदन प्राप्त भएकोमा 13099 को मात्र कारवाही गरी सेवा उपलब्ध गराएको कारणबाट नगरपालिकाबाट सेवा प्राप्त गर्नेको संख्या बृद्धि गरी सेवा सुविधा विस्तारमा ध्यान दिनु पर्ने देखिन्छ ।

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| 7. | **बेरुजू फछ्र्यौट** : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकीन गरी अद्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| 8. | **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| 9. | **कार्य सम्पन्न प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने सम्बन्धमा प्रक्रियागत व्यवस्था उल्लेख गरिएको छ । जस अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बील्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने, कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधिको समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन मोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने, यसरी जाँच बुझ गर्ने प्राविधिकले सम्पन्न निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन र स्पेसिफिकेशन बमोजिम भए नभएको जाँच गरी सार्वजनिक निकाय समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । यस नगरपालिकामा निम्न योजनाहरुको रु.१,२०,४४,२६४।०० निर्माण कार्य सम्पन्न भएको भनिएकोमा नियमावलीको उपरोक्त प्रावधान पुरा गरी कार्य सम्पन्न प्रतिवेदन तयार नगरेको रु. …….. | 12044264.00 |

| भौ.नं. र मिति | कामको विवरण /उपभोक्ता समितिको नाम | भुक्तानी रकम | कार्य सम्पन्न रकम |
|---|---|---|---|
| 125-2075/2/9 | गरुवा बहुमुखी क्याम्पस निर्माण उ.स. | 1980000.00 | 5024910.00 |
| 157-2075/3/19 | वडा नं.८ मा विद्युत विस्तार | 1530000.00 | 1905000.00 |
| 228-2075/3/25 | छिवाखोला कोइली भन्ज्याङ बाटो निर्माण उ.स. | 3960000.00 | 4817716.00 |
| 233-2075/3/26 | माइ ७ लक्ष्मी चोक विद्युत विस्तार उ.स. | 1126206.00 | 1212406.00 |
| 267-2075/3/27 | शुक्रबारे कट्टेलटार आलिटार हुँदै खर्पने जोड्ने सडक | 3448058.00 | 3948058.00 |
| | *जम्मा* | *12044264.00* | *16908090.00* |

| | | |
|---|---|---|
| 10. | **आर्थिक विवरण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| 11. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कर्मचारी कल्याण कोषमा रकम छुट्याएको देखिएन । | |
| 12. | **सामाजिक सुरक्षा** :संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पं.स.२०७४।०७५, चं नं.१०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई वाँकी रहेमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनु पर्ने उल्लेख छ । नगरपालिकाको कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत पहिलो किस्ता रु.९३,९०,८००।०० तथा दोस्रो किस्ता रु.१,१७,७१,६००।०० र तेस्रो किस्ता रु.१,१७,७४,४००।०० समेत कुल रु.३,८३,३६,८००।०० निकासा जनाएको छ । तथ्याङ्क अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्नेमा सो गरेको पाइएन । | |
| 12.1. | वडा सचिव श्री मनोजप्रसाद भण्डारीको रु.४,०००।०० र वडा सचिव श्री चन्द्रप्रसाद पौडेलको रु.६,४००।०० समेत गरी जम्मा रु.१०,४००।०० प्रथम चौमासिक सामाजिक सुरक्षा भत्ताको बिल भरपाई वेगर खर्च लेखेको रु...... | 10400.00 |
| 13. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनू पर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नू पर्नेमा व्यवसायीहरुको लगत नराखेकोले लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नवीकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकीन गर्न सकिएन । नगरपालिका क्षेत्र भित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखि करको दायरा भित्र ल्याउनु पर्दछ । | |
| 14 | साविकमा नगर सभाले निर्णय गरी दिइएको सुविधा प्रदेश नं.१ ले मिति २०७५।२।१२ देखि परिमार्जन गरी सोही बमोजिम निर्वाचित पदाधिकारीहरुलाई सपथग्रहण गर्दाको दिनदेखि सुविधा उपलव्ध गराउनु पर्नेमा साविक निर्णय बमोजिम नै भुक्तानी दिएकोले ३६५ दिनको बढी भुक्तानी रकम असुल गर्नु पर्ने रु. .... | 1183467.00 |

| दर्जा | नाम थर | स्थानीय तहले निर्णय गरी भुक्तानी लिएको रकम | प्रदेशको २०७५।२।१२ को निर्णय बमोजिम कायम भएको सुविधा रकम | फरक रकम | बार्षिक फरक रकम | प्रारम्भिक प्रतिवेदन पछि असुल रकम | बाँकी असुल हुनु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|
| प्रमुख | श्री दिपककुमार थेवे | 40000 | 31000 | 9000 | 109500 | 14400 | 95100 |
| उप प्रमुख | श्री बिष्णुमाया रिमाल | 30000 | 26000 | 4000 | 48667 | 6400 | 42267 |
| वडाध्यक्ष नं.१ | श्री पदमबहादुर फागो | 20000 | 14000 | 6000 | 73000 | 9600 | 63400 |
| वडाध्यक्ष नं.२ | श्री खम्ब सिंह लिम्बु | 20000 | 14000 | 6000 | 73000 | 9600 | 63400 |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | | | | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | वडाध्यक्ष नं.३ | श्री शेरबहादुर एत्तेन | 20000 | 14000 | 6000 | 73000 | 9600 | 63400 |
| | वडाध्यक्ष नं.४ | श्री सुर्यप्रसाद दुलाल | 20000 | 14000 | 6000 | 73000 | 9600 | 63400 |
| | वडाध्यक्ष नं.५ | श्री गम्बीरबहादुर तामाङ्ग | 20000 | 14000 | 6000 | 73000 | 9600 | 63400 |
| | वडाध्यक्ष नं.६ | श्री मुखराज लिम्बु | 20000 | 14000 | 6000 | 73000 | 9600 | 63400 |
| | वडाध्यक्ष नं.७ | श्री रामप्रसाद सदेम्बा | 20000 | 14000 | 6000 | 73000 | 9600 | 63400 |
| | वडाध्यक्ष नं.८ | श्री भत्तबहादुर आङ्गदेम्बे | 20000 | 14000 | 6000 | 73000 | 9600 | 63400 |
| | वडाध्यक्ष नं.९ | श्री लिलाकुमार राई | 10000 | 14000 | 6000 | 73000 | 9600 | 63400 |
| | वडाध्यक्ष नं.१० | श्री मनबहादुर बस्नेत | 10000 | 14000 | 6000 | 73000 | 9600 | 63400 |
| | कार्यपालिका सदस्य | श्री राजेन्द्र धमला | 10000 | 6500 | 3500 | 42583 | 5600 | 36983 |
| | कार्यपालिका सदस्य | श्री कुमारीमाया आले मगर | 10000 | 6500 | 3500 | 42583 | 5600 | 36983 |
| | कार्यपालिका सदस्य | श्री कल्पना विश्वकर्मा | 10000 | 6500 | 3500 | 42583 | 5600 | 36983 |
| | कार्यपालिका सदस्य | श्री अनिता भट्टराई | 10000 | 6500 | 3500 | 42583 | 5600 | 36983 |
| | कार्यपालिका सदस्य | श्री तेजकुमारी इदिङ्गो | 10000 | 6500 | 3500 | 42583 | 5600 | 36983 |
| | कार्यपालिका सदस्य | श्री गणेश माझी | 10000 | 6500 | 3500 | 42583 | 5600 | 36983 |
| | कार्यपालिका सदस्य | श्री कुलबहादुर दमाइ | 10000 | 6500 | 3500 | 42583 | 5600 | 36983 |
| | कार्यपालिका सदस्य | श्री पदम लक्ष्मी तामाङ् | 10000 | 6500 | 3500 | 42583 | 5600 | 36983 |
| | न्या.स. सदस्य | श्री अमृतबहादुर मोक्तान | 10000 | 4500 | 5500 | 66917 | 8800 | 58117 |
| | न्या.स. सदस्य | श्री भक्तबहादुर योञ्जन तामाङ्ग | 10000 | 4500 | 5500 | 66917 | 8800 | 58117 |
| | | *जम्मा* | *350000* | *258000* | *112000* | *1362667* | *179200* | 1183467 |
| 14. | **सार्वजनिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण गराउनु पर्नेमा सो गरेको पाइएन । | | | | | | | |
| 15. | **योजना र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । यस नगरपालिकाले उपरोक्त प्रावधान अनुसार योजना र कार्यान्वयन गरेको देखिएन । | | | | | | | |
| 16. | **आषाढ महिनाको खर्च :** नगरपालिकाबाट सञ्चालन गरिने कार्यक्रम/क्रियाकलाप तथा सोका लागि लाग्ने बजेट खर्चको सीमा निर्धारण गरिएकोमा सो अनुसार खर्च गरेको छैन । असार महिनामा मात्र ४३ देखि १०० प्रतिशतसम्म खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्त्यतिर मात्र विनियोजित बजेटको औषत ८१ प्रतिशत खर्च गरी योजना तथा कार्यक्रम सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा कामको गुणस्तरमा समेत असर पर्ने स्थिति रहन्छ । अत: तोकिएका कार्यहरु निर्धारित चौमासिकमा सम्पन्न गरी भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ । यस वर्ष आषाढ महिनामा भएको खर्चको स्थिति देहाय अनुसार छ : *(रु.हजारमा)* | | | | | | | |

| सि.नं. | ब.उ.शि.नं. | कूल खर्च रकम | आषाढ महिनामा | |
|---|---|---|---|---|
| | | | खर्च रकम | प्रतिशत |
| 1. | मर्मत सम्भार कोष | 8016 | 7918 | 99 |
| 2. | प्रादेशिक सरकारबाट | 1400 | 1400 | 100 |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | हस्तान्तरित कार्यक्रम | | | |
| 3. | बित्तीय समानीकरण अनुदान | 130868 | 56072 | 43 |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| 17. | नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामाजिक परिचालन खर्च पाउने व्यवस्था छ । आन्तरिक श्रोतबाट बिभिन्न १४ कर्मचारीहरुलाई विशेष भत्ता तलवको सुरु स्केलको २० प्रतिशत रु.७,६४,०००।०० खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्य सम्पादनमा आधारित प्रोत्सहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरे भन्दा फरक कार्यमा खर्च लेखेको छ । | |
| 18. | अर्थ मन्त्रालयबाट जारी कार्यक्रम सञ्चालन सम्वन्धी निर्देशिका, २०७० अनुसार करारमा रहेका कर्मचारीहरुलाई सम्झौता अनुसार तोकिएको कार्य सम्पन्न भएपछि पारिश्रमिक भुक्तानी गर्दा अन्य सेवा शुल्क शीर्षकबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यो वर्ष करारमा कार्यरत कर्मचारीहरुलाई पारिश्रमिक वापत रकम भुक्तानी गरेकोमा पारिश्रमिकमध्ये तवल शीर्षकबाट रु७,०३,१९३।०० खर्च लेखेको देखिएकोले उक्त खर्च नियम सम्मत नभएको रु. ...... | 703193.00 |
| 19. | निम्नानुसारका कर्मचारीहरुले विभिन्न कार्यक्रम सन्चालन गरे वापतको रकम भुक्तानी दिएकोमा आयकर ऐन, २०५८ को दफा ८७ र ८८ बमोजिम भुक्तानीमा अग्रिम आयकर कर रकम रु.७२,७७०।०० कट्टी नगरेकोले उक्त रकम असुल गर्नुपर्ने रु. ..... | 72770.00 |

| भौ.नं.मिति | व्यक्ति तथा संस्थाको नाम | रकम | कर रकम | कैफियत |
|---|---|---|---|---|
| 14-2075/1/24 | जनकल्याण फार्मेसी, बिर्तामोड | 480000.00 | 7200.00 | औषधि खरिद |
| 109-2075/3/22 | भारतीय एग्रोभेट, झापा | 156819.00 | 2352.00 | |
| 34-2074/11/16 | गोलटारबाट मुसेर हुँदै वडा कार्यालयसम्म पुग्ने बाटो मर्मत उ.स. | 225500.00 | 20150.00 | |
| 39-2074/11/25 | कुम्विटार खोवीखोला बाटो निर्माण उ.स. | 56200.00 | 4180.00 | |
| 42-2074/11/27 | बुढी सुखानी बन कार्यालयबाट कामीतार सम्मको बाटो निर्माण | 76200.00 | 6770.00 | |
| | जनकल्याण फार्मेसी | 62140.00 | 933.00 | |
| 109-2075/3/32 | भट्टराई एग्रोभेट सेन्टर बिर्तामोड | 230949.00 | 3464.00 | |
| 150-2075/3/29 | चुरे संरक्षण तथा अनुसन्धान केन्द्र माई न.पा. | 26000.00 | 2600.00 | |
| 135-2075/3/26 | राजकमल नर्सरी | 39990.00 | 599.00 | |
| 135-2075/3/26 | रामकुमार राई | 30000.00 | 3000.00 | |
| 135-2075/3/26 | भट्टराई एग्रोभेट सेन्टर, विर्तामोड | 707692.00 | 10615.00 | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 135-2075/3/26 | श्री कृष्ण सुपारी सहककारी संस्था लि. | 275000.00 | 4125.00 | |
| 135-2075/3/26 | ग्लोवल एग्रो एण्ड नर्सरी | 170000.00 | 2550.00 | |
| 135-2075/3/26 | कृषि विज भण्डार | 221800.00 | 3327.00 | |
| 135-2075/3/26 | आस्मा एग्रीकल्चर एण्ड सप्लायर्स | 38400.00 | 905.00 | |
| | *जम्मा* | | *72770.00* | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| 20. | ६५-२०७५।१।२३ बाट प्रा.स.श्री विवेककुमार दासको रु.५,५९,०००।०० पेश्की फछ्र्यौट गरेकोमा निजले Mini Tiller 6HP १ थान रु.८५,०००।०० सर्वोत्तम ट्रेडर्स मोरङ्गबाट खरिद गरेकोमा उक्त सामान जिन्सी दाखिला नहुनाको साथै कसलाई वितरण गरेको हो सो समेत खुल्न नआएकोले उक्त सामान जिन्सी दाखिला गरी वितरण गरेको प्रमाण पेश गर्नु पर्ने रु. | 85000.00 |
| 21. | **वित्तीय समानीकरण चालु:** निम्न भौ.नं. र मितिबाट पशु चिकित्सक श्री विवेककुमार दाशले वडा नं.१ देखि १० सम्म कृषि तथा पशु सम्बन्धी कार्यक्रम सन्चालन गरेको भनी विल भरपाईको आधारमा पेश्की फछ्र्यौट गरेकोमा विभिन्न वडामा समानुपातिक रुपमा कार्यक्रमको छनौट र वितरणको व्यवस्थापन सम्बन्धी आधार पेश नभएको रु. ……. | 1959000.00 |

| क.सं. | भौ.नं.र मिति | कार्यक्रमको नाम | पेश्की फछ्र्यौट रकम |
|---|---|---|---|
| 1 | 65-2075/1/23 | कृषि कार्यक्रम | 559000.00 |
| 2 | 135-20753/26 | कृषि तथा पशु सम्बन्धी कार्यक्रम | 1400000.00 |
| | | *जम्मा* | *1959000.00* |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| 22. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ (३) बमोजिम कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था भएकोमा निम्नानुसारका दफाहरु बाँकी नै रहेको देखिएकोले यसतर्फ सुधार गर्नु पर्ने देखियो । | |
| 23. | **वित्तीय जवाफदेहिता** : सुशासनको अभिबृद्धि र विश्वमा प्रचलित असल अभ्यासको आधारमा वित्तीय जवाफदेहिता तथा उत्तर दायित्व सम्बन्धी स्थितिको मूल्याङ्कन गर्न तोकिएको सूचकको आधारमा मूल्याङ्कन गरी सोको आधारमा निकायको स्तर वर्गीकरण गर्ने सम्बन्धमा व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन विकास निर्माण सम्बन्धमा लेखापरीक्षणको सिलसिलामा मूल्याङ्कन गर्दा कार्यालयले कुल १०० अङ्क मध्ये अङ्क ३९ प्राप्त गरी डी ग्रेड प्राप्त गरेकोले थप सुधार गर्नु पर्ने देखिएको छ । | |
| 24. | **बेरुजू:** माइ नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.१४ लाख ४७ हजार, अनियमित रु.७ लाख ३ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.४० करोड ६७ लाख ८३ हजार कायम भएकोमा प्रतिक्रियाबाट रु.३६ लाख ९० हजार फछ्र्यौट भै रु.४० करोड ५२ लाख ४३ हजार कायम भएको छ । | |
| 24.1. | **बेरुजू अनुगमन तथा मूल्याङ्कनः** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४ घ बमोजिम बेरुजु फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयको गत वर्षको बेरुजू फछ्र्यौटको स्थिति निम्नानुसार देखिएको छ । | |
| 24.2. | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : | |
| | | |

| गत वर्षको बेरुजु रकम (रु.) | यो वर्ष फछ्र्यौट | बाँकी |
|---|---|---|
| 294000.00 | 0 | 294000.00 |

| | | |
|---|---|---|
| 24.3. | **अद्यावधिक बेरुजु स्थिति :** माइ नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. | यो वर्षको कायम बेरुजु रु. | बाँकी रु. |
|---|---|---|---|
| 294000.00 | 0 | 405242732.65 | 405536732.65 |

**अनुसूची– १**

# माइ नगरपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | ईलाम | माइ नगरपालिका | १७ | ११ | ४०८९३३ | ० | ३ | ३६९० | १७ | ८ | ४०५२४३ | १२६८ | ७०३ | ४०३२७२ | ० | ० | ४०३९७५ | ० | ० | ० |

**अनुसूची- २**

# माइ नगरपालिकाको सञ्चित कोष विवरण

## २०७४।७५

**प्रदेश नम्बर :- १**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | माइ नगरपालिका | ईलाम | ६४२८ | २२६०१८ | ११२२५९ | ७६७०३ | ४१४९८० | १८४४८४ | १५०२४२ | १९९७३ | ३५४६९९ | ६६७०९ |